# संघीय संसद
# राष्ट्रिय सभा

दोस्रो अधिवेशन

## बैठक संख्या - २३

### सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल असार १४ गते बिहीबार

संघीय संसद, राष्ट्रिय सभाको दोस्रो अधिवेशनको तेइसौं (आजको तेस्रो) बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको ४:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङलाई “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक” माथि विचार गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, कानून, न्याय तथा संसदीय मामिला मन्त्री शेर बहादुर तामाङले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथि अर्थात विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा सदस्यहरुलाई जानकारी गराउँदै उक्त छलफलमा बोल्न चाहनु हुने तपशिलमा उल्लेखित माननीय सदस्यहरुलाई समय प्रदान गर्नु भयो :

१. माननीय ठगेन्द्र प्रकाश पुरी

२. माननीय जीतेन्द्र नारायण देव

त्यसपछि , मा.कानून, न्याय तथा संसदीय मामिला मन्त्री शेर बहादुर तामाङलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनु भयो ।

जवाफपछि , सम्माननीय अध्यक्षले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस् ” भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक” उपर संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरुलाई २४ घण्टाको समय उपलब्ध गराउनु भयो । उक्त समयभित्र राष्ट्रिय सभाको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सकिने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७५ साल असार १७ गते आइबार दिनको १:०० बजे बस्ने गरी आजको तेस्रो बैठक दिनको ४:३० बजे स्थगित भएको घोषणा गर्नु भयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव